# कृषि प्राविधिक कार्यसमूह कार्यान्वयन निर्देशिका, २०८१

(मा. मन्त्रीस्तर निर्णयबाट मिति २०८१/१२/२२ मा स्वीकृत)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# कृषि प्राविधिक कार्यसमूह कार्यान्वयन निर्देशिका, २०८१

**प्रस्तावना**: कृषि क्षेत्रसँग सम्बन्धित विषयको अनुसन्धान, प्रसार र कृषि शिक्षा सम्बन्धी निकायबीच दिगो र कार्यमूलक समन्वय एवम् सहकार्य सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

"खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५" को दफा २५ मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न सोही ऐनको दफा ४७ ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस निर्देशिकाको नाम "कृषि प्राविधिक कार्यसमूह कार्यान्वयन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "कार्यशाला" भन्नाले यस निर्देशिकाको दफा ६, दफा ७ र दफा ८ बमोजिमका कार्यसमूहको कार्यशाला सम्झनु पर्छ।

(ख) "क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (Cluster Level Agriculture Technical Working Group: CATWG)" भन्नाले यस निर्देशिकाको दफा ६ बमोजिमको कार्यसमूह सम्झनु पर्छ।

(ग) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, मत्स्य आदि कृषि प्रणालीका सबै उपक्षेत्रसँग सम्बद्ध अनुसन्धान, प्रसार, शिक्षा, उत्पादन, बिक्री वितरण र खाद्य तथा जैविक प्रविधि सम्बन्धी कार्य सम्झनु पर्छ।

(घ) "कृषि अनुसन्धान, प्रसार र शिक्षा समन्वय समिति (Research, Extension and Education Coordination Committee: REE)" भन्नाले यस निर्देशिकाको दफा ११ को उपदफा (३) बमोजिमको समिति सम्झनु पर्छ।

(ङ) "जिल्लास्थित कृषि कार्यालय" भन्नाले प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय मातहत स्थापना भएका कृषि क्षेत्र हेर्ने जिल्लास्थित कार्यालय सम्झनु पर्छ।

(च) "जिल्लास्थित पशु सेवा कार्यालय" भन्नाले प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय मातहत स्थापना भएका पशु सेवा हेर्ने जिल्लास्थित कार्यालय सम्झनु पर्छ।

(छ) "तालिम केन्द्र" भन्नाले प्रदेश सरकार अन्तर्गत कृषि तथा पशुपन्छी सेवा सम्बन्धी तालिम केन्द्र सम्झनु पर्छ।

(ज) "प्रदेश कृषि अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समिति" भन्नाले यस निर्देशिकाको दफा ११ उपदफा (४) बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(झ) "प्रदेश कृषि मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(ञ) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (Provincial Agriculture Technical Working Group: PATWG)" भन्नाले यस निर्देशिकाको दफा ७ बमोजिम गठित कार्यसमूह सम्झनु पर्छ।

(ट) "बाली" भन्नाले अन्नबाली, दलहन, तेलहन, नगदेबाली, फलफूल, तरकारी, फूल, मौरी, रेशम आदि सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ड) "राष्ट्रिय कृषि अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समिति" भन्नाले यस निर्देशिकाको दफा ११ को उपदफा (२) बमोजिमको समिति सम्झनु पर्छ।

(ढ) "राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (National Agriculture Technical Working Group: NATWG)" भन्नाले यस निर्देशिकाको दफा ८ बमोजिमको कार्यसमूह सम्झनु पर्छ।

(ण) "वस्तु" भन्नाले पशुपन्छी, माछा, आदिलाई सम्झनु पर्छ।

(त) "विश्वविद्यालय" भन्नाले कृषि सम्बन्धी अध्यापन र अनुसन्धान गराउने विश्वविद्यालय र मानित विश्वविद्यालय सम्झनु पर्छ।

(थ) "सचिवालय" भन्नाले कार्यशाला आयोजना तथा व्यवस्थापन गर्ने निकाय सम्झनु पर्छ।

(द) "क्षेत्र/उपक्षेत्र" भन्नाले माटो, रोग किरा, बजार, कृषि यन्त्र उपकरण आदि सम्झनु पर्छ।

## परिच्छेद -२

## उद्देश्य एवम् सिद्धान्त

३. <u>उद्देश्यः</u> (१) यस निर्देशिकाले कृषि अनुसन्धान, प्रसार र शिक्षामा संलग्न निकायहरूबीच कार्यमूलक समन्वय स्थापित गर्नेछ।

(२) कृषि अनुसन्धान, प्रसार र शिक्षालाई स्थानीय सम्भाव्यता तथा आवश्यकतामा आधारित बनाउने र विकसित प्रविधिलाई समय सापेक्ष सुधार गर्दै कृषकस्तरमा पुऱ्याउनेछ।

(३) अनुसन्धानबाट उपयुक्त ठहरिएका प्रविधिहरूलाई सूचीकृत गर्ने, वर्गिकरण गर्ने र सिफारिस गर्नेछ।

(४) अनुसन्धानमूलक समस्याको पहिचान गर्ने, प्राथमिकीरण गर्ने र अनुसन्धानको लागि सिफारिस गर्नेछ।

४. <u>सिद्धान्तः</u> यो निर्देशिका देहाय बमोजिमका सिद्धान्तमा आधारित रही कार्यान्वयन हुनेछः-

(क) **कार्य विभाजनको सिद्धान्तः** कृषिको समग्र विकासको लागि कृषि अनुसन्धान, प्रसार र शिक्षाको छुट्टा-छुट्टै भूमिका रहनेछ।

(ख) **कार्य समन्वयको सिद्धान्तः** कृषि अनुसन्धान, प्रसार र शिक्षा प्रदान गर्ने सबै सरकारी, गैह्र सरकारी तथा निजी क्षेत्रको विशिष्ट प्रकृतिको कार्य जिम्मेवारी रहे तापनि अपेक्षित नतिजाको लागि सबै निकायको समन्वय अनिवार्य रहनेछ।

(ग) **अन्तरसम्बन्धको सिद्धान्तः** कृषि अनुसन्धान गर्ने निकायले कृषि अनुसन्धान गरी प्रविधि विकास गर्ने र प्राप्त नतिजाको प्रसार कार्य कृषि प्रसार गर्ने निकायले गर्नेछ। दुवै निकायबाट आएका उत्कृष्ट नतिजाहरू कृषि शिक्षामा समावेश गर्दै लगिनेछ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

(घ) **पृष्ठपोषणको सिद्धान्तः** कृषि अनुसन्धान, प्रसार र शिक्षा प्रदान गर्ने निकायले अपेक्षित नतिजाको लागि एक अर्कालाई पृष्ठपोषण गर्ने कार्य निरन्तर रहनेछ।

(ङ) **निरन्तरताको सिद्धान्तः** कृषि अनुसन्धान, प्रसार र शिक्षा प्रदान गर्ने निकायहरूको समन्वय निरन्तर र अटुट रहनेछ।

(च) **सुधारको सिद्धान्तः** कृषि अनुसन्धान, प्रसार र शिक्षा प्रदान गर्ने निकायको सम्बन्ध वा समन्वयलाई व्यवहारिक बनाउन आवश्यक सुधार गर्दै लगिनेछ।

(छ) **संस्थागत बहुलताको सिद्धान्तः** कृषि अनुसन्धान, प्रसार र शिक्षामा बहुपात्रको संलग्नता रहनेछ र ती निकायले कृषि विकासका लागि एकीकृत रूपमा कार्य गर्ने छन्।

## परिच्छेद-३

## संस्थागत र संरचनागत व्यवस्था

५. **कार्यसमूह गठनः** कृषि अनुसन्धान, प्रसार तथा शिक्षाबीच देहाय बमोजिम तीन किसिमका कृषि प्राविधिक कार्यसमूह गठन गरी समन्वय र सहकार्यको संस्थागत र संरचनागत व्यवस्थाहरू लागू गरिनेछ।

(क) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG)

(ख) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG)

(ग) राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG)

६. **क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहको उद्देश्य, गठन, कार्य विवरण एवम् जिम्मेवारीः** क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG) को उद्देश्य, गठन, कार्य विवरण एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG) को उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(१) स्थानीय तहमा अनुसन्धान योग्य समस्याहरूको पहिचान गर्ने,

(२) सिफारिस प्रविधिको प्रयोगबाट प्राप्त उपलब्धिहरुको पृष्ठपोषण प्रदान गर्ने,

(३) रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि तथा विदेशबाट भित्र्याईएका प्रविधिको बारेमा माथिल्लो निकायमा प्रतिवेदन पेश गर्ने।

(ख) अनुसूची -१ बमोजिम तोकिएका क्लस्टर अनुसार सो क्लस्टरभित्र पर्ने जिल्लाबाट सो जिल्लाको सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी कम्तिमा १५ वटा स्थानीय तह (कृषि तर्फः आठ र पशु सेवा तर्फः सात स्थानीय तह) का कृषि वा पशु सेवाका प्राविधिक सहित अनुसूची -२ अनुसार कार्य समूहको गठन हुनेछ। यो कार्यसमूहको सचिवालय अनुसूची -१ बमोजिम जिम्मेबारी तोकिएका निकायमा हुनेछ ।यस समूहको कार्यशाला व्यवस्थापन सम्बन्धी कार्य सचिवालयले गर्नेछ।

(ग) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG) को कार्य विवरण एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(१) सम्बन्धित जिल्लाका स्थानीय तहहरूबाट प्राप्त अनुसन्धानयोग्य समस्या तथा विषयवस्तुलाई समावेश गरी प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह कार्यशाला

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

गोष्ठीमा प्रस्तुत गर्ने। सिफारिस गरिएका प्रविधिको पृष्ठपोषण गर्ने र किसानस्तरमा प्रयोग भएका (रैथाने तथा प्रमाणित नगरिएका) सफल प्रविधिहरूको परीक्षणको लागि पृष्ठपोषण प्रदान गर्ने।

(२) नेपाल कृषि अनुसन्धान परिषद्को बाह्य अनुसन्धान स्थलमा पूर्वपरीक्षण (PILOTING) कार्यक्रम सञ्चालन गर्न पृष्ठपोषण गर्ने।

(३) कृषि अनुसन्धान, प्रसार र शिक्षा साथै गैह्र सरकारी र निजी क्षेत्रसँग सम्बन्धित निकायहरूले समन्वयमा गर्नुपर्ने क्रियाकलापहरू पहिचान गरी पृष्ठपोषण प्रदान गर्ने।

(४) उपयुक्त प्रविधिको कृषकस्तरमा विस्तार गर्न अनुसन्धान र प्रसारको समन्वयमा योजना तर्जुमा गर्ने र कार्यान्वयन गर्ने।

(५) विश्वविद्यालय अन्तर्गत कृषि विज्ञान केन्द्र, आङ्गिक कलेज एवम् निजी कलेजहरूको अनुसन्धान फार्ममा अनुसन्धान एवम् परीक्षणका क्रियाकलाप सञ्चालन गर्न पृष्ठपोषण प्रदान गर्ने।

७. <u>प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको उद्देश्य, गठन, कार्य विवरण एवम् जिम्मेवारी</u>: प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG) को उद्देश्य, गठन, कार्य विवरण एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG) को उद्देश्य देहाय बमोजिम रहेका छन्:-

(१) क्लस्टरस्तरीय कार्यशालाबाट आएका अनुसन्धान योग्य समस्याहरूको पहिचान वा प्राथमिकीकरण गर्ने,

(२) सिफारिस प्रविधिको प्रयोगबाट प्राप्त उपलब्धिहरुको पृष्ठपोषण प्रदान गर्ने,

(३) किसानस्तरमा प्रयोग भएका (रैथाने तथा प्रमाणित नगरिएका) सफल प्रविधि र विदेशबाट भित्र्याईएका प्रविधिहरूको बारेमा राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहमा पृष्ठपोषण गर्ने।

(ख) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG) प्रदेश सचिवको अध्यक्षतामा प्रदेश कृषि मन्त्रालयमा सचिवालय रहने गरी अनुसूची -३ बमोजिम गठन हुनेछ ।यस कार्यसमूहको कार्यशाला व्यवस्थापन सम्बन्धी कार्य सचिवालयले गर्नेछ।

(ग) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG) को कार्य विवरण एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(१) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG) बाट पेश भएका विषयमा आधारित भई अनुसन्धान, प्रविधि विकास तथा प्रसार सेवा प्रवाह गर्ने तथा प्रदेशको प्राथमिकता प्राप्त समस्या तथा विषयवस्तुहरू राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहको कार्यशाला गोष्ठीमा सिफारिस गर्ने।

(२) प्रदेशस्तरमा अनुसन्धान योग्य समस्या पहिचान र प्रथामिकीकरण गरी अनुसन्धानका लागि राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहमा सिफारिस गर्ने।

(३) विकास भएका प्रविधिहरूको सहभागितामूलक वैज्ञानिक परीक्षण गर्ने, गराउने।



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(४) प्रदेश स्तरमा अनुसन्धान योग्य विषयको अनुसन्धान, विकसित प्रविधिको प्रसार तथा कृषकस्तरमा प्रयोग भएका (रैथाने तथा प्रमाणित नगरिएका) सफल प्रविधिको प्रमाणीकरणको लागि कार्यान्वयन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(५) प्रदेशस्तरका अनुसन्धान, प्रसार तथा शिक्षा सम्बन्धी निकायबीच व्यवहारिक समन्वय तथा सहकार्यका लागि आवश्यक व्यवस्था गर्ने ।

(६) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहलाई आवश्यक मार्गदर्शन गर्ने।

(७) सम्बन्धित प्रदेशमा अवस्थित कृषि अनुसन्धान तथा विकाससँग सम्बन्धित सरोकारवाला र क्रियाकलापहरूको सूचीकरण (Inventory) अद्यावधिक गर्ने तथा सम्बन्धित सरोकारवालाहरूलाई सो सम्बन्धमा छलफल एवम् पृष्ठपोषणका लागि समन्वय र सहकार्य गर्न थलो प्रदान गर्ने।

(८) प्रदेशमा रहेका निजी तथा गैर सरकारी क्षेत्रबाट गरिने कृषि प्रसार र अनुसन्धानको आवश्यक सहजीकरण एवम् प्रदेश कृषि मन्त्रालयको निर्देशन बमोजिम अनुगमन एवम् नियमन गर्ने।

(९) कृषि, पशुपन्छी तथा खाद्य विषयमा अध्यापन गराउने विश्वविद्यालय अन्तर्गतका कृषि शैक्षिक संस्था (Agriculture Academic Institution) वा कृषि विज्ञान केन्द्र/अनुसन्धान केन्द्रले शैक्षिक र अनुसन्धान क्षेत्रको विकासका लागि पाठ्यक्रम विकास एवम् परिमार्जन गर्ने, गुणस्तरीय शिक्षा, प्राथमिक अनुसन्धान क्षेत्र पहिचान र पूर्वाधार निर्माणमा सहयोग गर्न पृष्ठपोषण गर्ने।

८. <u>राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहको उद्देश्य, गठन, कार्य विवरण एवम् जिम्मेवारी</u>ः राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG) को उद्देश्य, गठन, कार्यविवरण तथा जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) कृषि अनुसन्धान, प्रसार र शिक्षा साथै गैह्र सरकारी र निजी क्षेत्रसँग संलग्न निकायबीच कार्यमूलक सहकार्य तथा समन्वय स्थापित गर्दै आवश्यकतामा आधारित प्रविधि विकास एवम् प्रसार गर्ने ।

(ख) नेपाल सरकारको कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालयका सचिवको अध्यक्षतामा अनुसूची -४ बमोजिम यो कार्यसमूहको गठन गरिनेछ। राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहको सचिवालय नेपाल कृषि अनुसन्धान परिषद्मा रहनेछ। उक्त समूहको कार्यशाला व्यवस्थापन सम्बन्धी कार्य सचिवालयले गर्नेछ।

(ग) राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG) को कार्य विवरण एवम् जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(१) राष्ट्रिय महत्वका कृषि तथा प्राकृतिक स्रोत साधनको क्षेत्रहरूमा अनुसन्धान तथा विकासका लागि संघीय स्तरमा सरोकारवालाबीच अन्तरक्रिया गर्ने, आवश्यक नीति रणनीति तथा कार्यक्रम तर्जुमा सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सिफारिस गर्ने र समन्वय एवम् सहकार्य गर्ने थलोको रूपमा कार्य गर्ने।

(२) क्लस्टर स्तरीय तथा प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यविवरण अनुसार प्रभावकारी कार्य गर्न आवश्यक नीति, निर्देशन, रणनीति एवम् कार्यक्रमहरू तर्जुमा गरी निरन्तर सेवाटेवा प्रदान गर्ने।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(३) केन्द्रीयस्तरमा सरोकारवालाबीच समन्वय एवम् सम्बन्ध कायम गरी राष्ट्रिय, प्रदेश तथा स्थानीय स्तरसम्म प्रविधि विकास, प्रसार, बजारीकरण तथा प्रयोग भएका प्रविधिबाट पर्न सक्ने सकारात्मक तथा नकारात्मक प्रभावको सम्बन्धमा जानकारी लिने, सजगता एवम् सतर्कता अपनाउने र सोको लागि सरोकारवालाबीच समन्वय गर्ने गराउने।

(४) अनुसन्धान, शिक्षा तथा प्रसारमा सेवा पुऱ्याई आएका तथा सम्भाव्य निजी, अन्तराष्ट्रिय/राष्ट्रिय गैह्र सरकारी संस्था, कृषि उद्योगले सञ्चालन गरेका आयोजनाहरूले पारेको सकारात्मक प्रभावलाई समेट्दै लैजाने।

(५) अनुसन्धान केन्द्र, प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहहरूका निर्णयहरूको समीक्षा गरी अनिवार्य रूपले केन्द्रीयस्तरबाट पुऱ्याउनु पर्ने सेवाटेवामा सहयोग गर्दै जाने।

(६) कृषि अनुसन्धान तथा विकास कार्यक्रम एवम् प्रक्रियाहरूको अनुगमन, सुपरीवेक्षण, मूल्याङ्कन गरी आवश्यक मार्गदर्शन दिने।

(७) कृषि अनुसन्धान, विकास र शिक्षामा अन्तराष्ट्रिय स्तरमा सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।

## परिच्छेद -४
## कृषि प्राविधिक कार्यसमूहको कार्यान्वयन

९. **कार्यसमूहको कार्यशाला**: (१) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूह (CATWG) को कार्यशाला अनुसूची -१ मा जिम्मेवारी तोकिएको निकायको आयोजनामा प्रत्येक आर्थिक वर्षको द्वितीय त्रैमासिक अवधिभित्रमा हुनेछ र सोको स्रोत तथा अन्य व्यवस्थापनको जिम्मेवारी समेत सोही निकायको हुनेछ ।

(२) प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह (PATWG) को कार्यशाला प्रदेश कृषि मन्त्रालयको आयोजनामा प्रत्येक आर्थिक वर्षमा क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यशाला सम्पन्न भए पश्चात हुनेछ र सोको स्रोत तथा अन्य व्यवस्थापनको जिम्मेवारी प्रदेश कृषि मन्त्रालयको हुनेछ।

(३) राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG) को कार्यशाला नेपाल कृषि अनुसन्धान परिषद्को आयोजनामा प्रत्येक आर्थिक वर्षमा प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यशाला सम्पन्न भए पश्चात हुनेछ र सोको स्रोत तथा अन्य व्यवस्थापनको जिम्मेवारी नेपाल कृषि अनुसन्धान परिषद्को हुनेछ।

१०. **कृषि प्राविधिक कार्यसमूहको कार्य सञ्चालन प्रक्रिया**: (१) जिल्लास्थित कार्यालयले सो जिल्लाभित्र कृषि तथा पशुपन्छीको क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको समन्वय तथा सहभागितामा अनुसन्धान गर्नुपर्ने समस्याहरू, रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भई बहु-समुदायले अनुसरण गरेका सफल प्रविधि र विदेशबाट भित्र्याईएका प्रविधिहरूको प्रास प्राथमिकता तथा निष्कर्ष अनुसूची -५ बमोजिमको ढाँचामा क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहमा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ। साथै, स्थानीय तहका कृषि/पशु सेवा शाखा, जिल्लास्थित कार्यालयहरू, अनुसन्धान केन्द्र र स्रोत केन्द्रहरूले आवश्यकता अनुसार प्रस्तुति गर्न सक्ने छन्।

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(२) क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहले कार्यशाला सम्मन्न भएको १५ दिनभित्र कार्यशालामा प्राथमिकतामा परेका विषयवस्तु तथा विवरणहरू अनुसूची -६ बमोजिमको ढाँचामा तयार गरी सचिवालय र प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यशालामा पेश गर्नु पर्नेछ।

(३) प्रदेश कृषि मन्त्रालय अन्तर्गतका निर्देशनालयले स्थानीय तहको समन्वय तथा कार्य अनुभवका आधारमा जिल्लास्थित कार्यालय, फार्म केन्द्र तथा प्रयोगशालाबाट प्राप्त अनुसन्धानयोग्य समस्याहरू, सिफारिस प्रविधिको प्रयोग (Adoption) बाट सिकिएका पाठ, रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु-समुदायले अनुशरण गरेका सफल प्रविधि र विदेशबाट भित्र्याईएका प्रविधिहरूको एकीकृत प्रतिवेदन प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यशालामा पेश गर्नु पर्नेछ। कार्यशालामा सहभागी हुने तोकिएका अनुसन्धान निर्देशनालयहरू तथा केन्द्रहरू/जिल्लाहरू/स्रोत केन्द्रहरू/शिक्षासँग सम्बन्धित निकायले विस्तृत प्रतिवेदन तयार गरी कार्यशालामा प्रस्तुत गर्नु पर्नेछ। कार्यशालामा प्रस्तुति गर्ने जिल्लाहरू एकै प्रकृतिका समस्यामा आधारित भएमा सामूहिक रूपमा प्रतिनिधित्व हुने गरी प्रस्तुति गर्न सक्नेछन्। प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको कार्यशालामा कृषि अनुसन्धान निर्देशनालय वा नेपाल कृषि अनुसन्धान परिषद्ले तोकेको निकायबाट प्रदेशस्तरमा अनुसान्धानबाट विकास भएका प्रविधि तथा कार्यसमूहको विगतको निर्णयहरूको समिक्षा सहितको अनुसूची -७ बमोजिमको प्रस्तुति तथा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) उपदफा (१), (२), (३) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहबाट समाधान हुन नसकेका समस्याहरू तथा अन्य अनुसन्धानात्मक विषयवस्तुहरूलाई समेटी प्राथमिकताका आधारमा उल्लेख गरी प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहले अनुसूची ८ बमोजिमको ढाँचामा राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह तथा प्रदेश अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ। साथै उक्त प्रतिवेदन प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको सचिवालयले निर्देशक समितिसँगको समन्वयमा नेपाल कृषि अनुसन्धान परिषद्, कृषि विभाग, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र सम्बन्धित विश्वविद्यालयलाई पठाउनु पर्नेछ।

(५) स्थानीय, प्रादेशिक एवम् संघीय कृषि प्रसार तथा अनुसन्धानका निकायहरूले स्रोतको उपलब्धता तथा आवश्यकताका आधारमा कृषि अनुसन्धान, प्रसार र शिक्षा क्षेत्रको विकास गर्नका लागि कृषि तथा पशुपन्छी संकायका विद्यार्थीहरूलाई इन्टर्नसीप तथा शोधकार्य अनुसन्धान (Thesis Research) को लागि विश्वविद्यालयसँग समन्वय गरी माग गर्न सक्नेछ।

(६) नेपाल सरकारका तीनै तहका र निजी क्षेत्रका संघ/संस्थाबाट सञ्चालित कृषिमा आधारित फार्म तथा उद्योगहरूमा कृषि/पशुपन्छी शिक्षासँग सम्बन्धित (व्यवसायिक कृषि शिक्षा समेत) अध्ययन गर्ने विद्यार्थीहरूलाई इन्टर्नसीपको व्यवस्थाका लागि सहयोग गर्नेछ।

(७) मन्त्रालय अन्तर्गतका विभागहरूले समेत उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदन तथा विभाग अन्तर्गतका केन्द्र तथा संघीय निकायबाट प्राप्त सुझाव समेतको आधारमा प्रतिवेदन तयार गरी राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहमा पेश गर्नुपर्नेछ। साथै विश्वविद्यालयहरूले समेत अनुसूची ९ अनुसार अनुसन्धान, प्रसार र शिक्षासँगको समन्वय, सञ्चालित गतिविधि तथा यससँग सम्बन्धित विषयको प्रतिवेदन कार्यशालामा पेश गर्नु पर्नेछ।

(८) नेपाल कृषि अनुसन्धान परिषद्ले राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG) मा उठेका एजेण्डाहरू समावेश गरी अनुसूची -१० बमोजिमको ढाँचामा एकीकृत गरी अन्तिम प्रतिवेदन तयार गरी प्रकाशन गर्नेछ।

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(९) राष्ट्रिय कृषि प्राविधिक कार्यसमूह (NATWG) ले कृषि अनुसन्धान, प्रसार र शिक्षा विषयसँग सम्बन्धित अवसरहरू, रोजगार प्रवर्द्धन, सूचना प्रसारण तथा प्रविधि विस्तारमा आवश्यकता अनुसार विज्ञहरूको परामर्श लिन सक्नेछ।

११. <u>कृषि प्राविधिक कार्यसमूह कार्यशालाको निर्णय कार्यान्वयनः</u> (१) राष्ट्रियस्तरमा कृषि प्राविधिक कार्यसमूहको प्रतिवेदन तथा निर्णयहरू कार्यान्वयन गर्न अनुसन्धान, प्रसार र शिक्षाका प्राथमिकता प्राप्त क्रियाकलापलाई वार्षिक कार्यक्रममा आन्तरिकीकरण गर्न र बजेट सुनिश्चित गर्न राष्ट्रिय कृषि अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समिति रहनेछ। यस समितिको बैठक NATWG को कार्यशाला पश्चात बस्नेछ। उक्त समितिको मुख्य कार्य बजेट सुनिश्चिताका लागि पहल गर्ने, कार्यसमूहलाई आवश्यक मार्गदर्शन गर्ने र नीतिगत विषयवस्तुका बारेमा समीक्षा गर्ने रहनेछ। यस समितिले अनुसन्धानबाट प्रमाणित/सिफारिस भएका प्रविधिहरूको हस्तान्तरणको संयन्त्र तथा विधि (MODALITY) आवश्यकता अनुसार तय गर्नुका साथै अनुसन्धान योग्य समस्याको पहिचान विधि र प्राथमिकता निर्धारण गर्न सक्नेछ।

**(क) राष्ट्रिय कृषि अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समितिको गठनः** कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठतम् सचिवको अध्यक्षतामा देहाय बमोजिमको समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (१) | सचिव (कृषि/पशुपन्छी), मन्त्रालय | -अध्यक्ष |
| (२) | सचिव (कृषि/पशुपन्छी), मन्त्रालय | -सदस्य |
| (३) | कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| (४) | महानिर्देशक, कृषि विभाग | -सदस्य |
| (५) | महानिर्देशक, पशु सेवा विभाग | -सदस्य |
| (६) | महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | -सदस्य |
| (७) | महानिर्देशक, जलस्रोत तथा सिँचाइ विभाग | -सदस्य |
| (८) | महानिर्देशक, वन विभाग | -सदस्य |
| (९) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | -सदस्य |
| (१०) | प्रदेश सचिव, प्रदेश कृषि मन्त्रालय | -सदस्य |
| (११) | डीन, कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय | -सदस्य |
| (१२) | डीन, कृषि संकाय, कृषि तथा वन विज्ञान विश्वविद्यालय | -सदस्य |
| (१३) | डीन,पशु विज्ञान, भेटनरी विज्ञान र मत्स्य संकाय, कृषि तथा वन विज्ञान विश्वविद्यालय | -सदस्य |
| (१४) | निर्देशक, पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | -सदस्य |
| (१५) | सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, मन्त्रालय | -सदस्य |
| (१६) | निर्देशक, योजना तथा समन्वय, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य-सचिव |

(ख) उपदफा (१) बमोजिमको कार्यमा सहयोग गर्न नेपाल कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशकको अध्यक्षतामा कृषि अनुसन्धान, प्रसार र शिक्षा समन्वय समिति (Research Expansion and Education-REE) को देहाय बमोजिम गठन हुनेछ । साथै, कृषि अनुसन्धान, प्रसार र शिक्षा



सचिव
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

समन्वय समितिको कार्यमा सहयोग गर्न अनुसन्धान, प्रसार तथा कृषि शिक्षाका निकायहरूमा समन्वय इकाई (Coordination Desk) स्थापना हुनेछ।

| | | |
|---|---|---|
| (१) | कार्यकारी निर्देशक,नेपाल कृषि अनुसन्धान परिषद् | -अध्यक्ष |
| (२) | सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा,मन्त्रालय | -सदस्य |
| (३) | उपमहानिर्देशक, कृषि विभाग | -सदस्य |
| (४) | उपमहानिर्देशक, पशुसेवा विभाग | -सदस्य |
| (५) | उपमहानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | -सदस्य |
| (६) | निर्देशक,अनुसन्धान तथा प्रसार निर्देशनालय, कृषि तथा वन विश्वविद्यालय | -सदस्य |
| (७) | निर्देशक, प्रसार/अनुसन्धान निर्देशनालय, त्रिभुवन विश्वविद्यालय,कृषि तथा पशु विज्ञान अध्ययन संस्थान | -सदस्य |
| (८) | प्रमुख, नीति तथा योजना महाशाखा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | -सदस्य |
| (९) | निर्देशक, राष्ट्रिय कृषि अनुसन्धान प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| (१०) | निर्देशक, राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य |
| (११) | प्रमुख, कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (१२) | निर्देशक, योजना तथा समन्वय, नेपाल कृषि अनुसन्धान परिषद् | -सदस्य-सचिव |

(ग) प्रदेशस्तरमा कृषि प्राविधिक कार्यसमूहको प्रतिवेदन तथा निर्णयहरू कार्यान्वयन गर्न अनुसन्धान, प्रसार र शिक्षाका प्राथमिकता प्राप्त क्रियाकलापलाई ती निकायको वार्षिक कार्यक्रममा आन्तरिकीकरण गर्न र बजेट सुनिश्चित गर्न प्रदेश सचिवको अध्यक्षतामा देहाय बमोजिमको प्रदेश कृषि अनुसन्धान, प्रसार र शिक्षा निर्देशक समिति रहनेछ। यस निर्देशक समितिको बैठक प्रदेशस्तरीय कृषि प्राविधिक समूहको कार्यशाला सम्पन्न भएपछि बस्नेछ ।

| | | |
|---|---|---|
| (१) | प्रदेश सचिव, प्रदेश कृषि मन्त्रालय | -अध्यक्ष |
| (२) | निर्देशक, कृषि अनुसन्धान निर्देशनालय | -सदस्य |
| (३) | प्रमुख, कृषि विकास निर्देशनालय | -सदस्य |
| (४) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| (५) | प्रमुख, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | -सदस्य |
| (६) | प्रमुख, पशु सेवा तालिम केन्द्र | -सदस्य |
| (७) | प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय | -सदस्य |
| (८) | प्रमुख, प्रदेशमा अवस्थित त्रिभुवन विश्वविद्यालय वा कृषि र वन विज्ञान अन्तर्गतका कृषि/पशु विज्ञान/खाद्य विषय अध्यापन गर्ने शिक्षण संस्थाका क्याम्पस प्रमुख/ प्रिन्सिपल मध्येबाट १ जना | -सदस्य |
| (९) | आमन्त्रित आवश्यकता अनुसार बढीमा ३ जना विषय विज्ञ | -सदस्य |
| (१०) | प्रमुख, योजना तथा अनुगमन महाशाखा, प्रदेश कृषि मन्त्रालय | -सदस्य- सचिव |



सचिव
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>नोटः</u> प्रदेशको आवश्यकता अनुसार प्रदेशस्तरिय समितिका सदस्यहरू थपघट गर्न सकिने छ ।

परिच्छेद - ५

## <u>विविध</u>

१२. **<u>कृषि प्राविधिक कार्यसमूह कार्यशालाको निर्णय कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** कृषि प्राविधिक कार्यसमूह कार्यशालाको निर्णय कार्यान्वयन भए नभएको सम्बन्धमा मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद्, विभाग, प्रदेश मन्त्रालय र प्रदेश निर्देशनालयले अनुगमन, मूल्याङ्कन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

१३. **<u>प्राविधिक समन्वय</u>** : (१) संघ/प्रदेश/स्थानीयतहमा कार्यरत प्राविधिकको वृत्ति विकास लगायत क्षमता विकासमा सङ्घीय निकाय अभिभावकको भूमिकामा रहनेछ।

(२) प्रदेश/स्थानीय स्तरमा प्रविधि विकास, प्रविधि हस्तान्तरण, समस्या समाधान र क्षमता विकाससँग सम्बन्धित कार्यको लागि आवश्यक स्रोतको व्यवस्थापन, सहजीकरण, समन्वय, सहयोग एवम् अनुगमन मूल्याङ्कन सङ्घीय निकायले गर्ने ।

१४. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस निर्देशिकामा उल्लेख भएका विषयका सम्बन्धमा यसै निर्देशिका बमोजिम र उल्लेख नभएका विषयका सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **<u>अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्ने</u>** : मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

१६. **<u>बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकारः</u>** यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

सचिव

अनुसूची -१

(दफा ६ को खण्ड (ख) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहको लागि जिल्लाको वर्गीकरण**

| क्लष्टर क्र.सं. | जिम्मेवार निकाय | जिल्लाहरू |
|---|---|---|
| | | कोशी प्रदेश |
| १ | कृषि अनुसन्धान केन्द्र, पाखीबास, धनकुटा | सङ्खुवासभा, धनकुटा, भोजपुर, ताप्लेजुङ, तेह्रथुम, पाँचथर, इलाम |
| २ | कृषि अनुसन्धान निर्देशनालय, कोशी प्रदेश, तरहरा, सुनसरी | उदयपुर, सुनसरी, मोरङ, झापा, सोलुखुम्बु, खोटाङ, ओखलढुङ्गा |
| | | मधेश प्रदेश |
| १ | राष्ट्रिय धान बाली अनुसन्धान कार्यक्रम, हार्दिनाथ, धनुषा | बारा, पर्सा, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट |
| | | बाग्मती प्रदेश |
| १ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ललितपुर | रसुवा, नुवाकोट, काठमाण्डौं, ललितपुर, भक्तपुर, चितवन, धादिङ, मकवानपुर |
| २ | कृषि ज्ञान केन्द्र, काभ्रेपलाञ्चोक | दोलखा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक |
| | | गण्डकी प्रदेश |
| १ | कृषि अनुसन्धान निर्देशनालय गण्डकी प्रदेश, लुम्ले, कास्की | म्याग्दी, मुस्ताङ, बागलुङ, पर्वत, कास्की, स्याङ्जा |
| २ | कृषि ज्ञान केन्द्र, तनहुँ | मनाङ, लमजुङ, गोरखा, तनहुँ, नवलपरासी (बर्दघाट सुस्तापूर्व) |
| | | लुम्बिनी प्रदेश |
| १ | कृषि अनुसन्धान निर्देशनालय, लुम्बिनी प्रदेश, नेपालगञ्ज, बाँके | बाँके, बर्दिया, दाङ, रुकुम पूर्व, रोल्पा, प्यूठान |
| २ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देही | रुपन्देही, नवलपरासी (बर्दघाट सुस्तापश्चिम) कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची |
| | | कर्णाली प्रदेश |
| १ | कृषि अनुसन्धान निर्देशनालय, कर्णाली प्रदेश, दशरथपुर, सुर्खेत | सल्यान, सुर्खेत, दैलेख, जाजरकोट, रुकुमपश्चिम, हुम्ला, डोल्पा |
| २ | कृषि अनुसन्धान केन्द्र, विजयनगर, जुम्ला | जुम्ला, मुगु, कालिकोट |
| | | सुदूरपश्चिम प्रदेश |
| १ | कृषि अनुसन्धान निर्देशनालय, सुदूरपश्चिम प्रदेश, भागेताडा, डोटी | डोटी, अछाम, बाजुरा |
| २ | कृषि ज्ञान केन्द्र, डडेल्धुरा | कैलाली, डडेल्धुरा, बैतडी, दार्चुला, बझाङ, कञ्चनपुर |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -२

(दफा ६ को खण्ड (ख) सँग सम्बन्धित)

**क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहको लागि जिम्मेवार निकाय तथा पदाधिकारी**

| क्र.स. | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | प्रसार | **प्रमुख** | कार्यशाला आयोजना गर्ने जिल्लास्थित कृषि/पशु सेवा कार्यालय - २ जना | ▪ कार्यशाला आयोजना गर्ने कार्यालय/ केन्द्रले क्लस्टर स्तरीय कृषि प्राविधिक कार्यसमूहको सचिवालयको रुपमा कार्य गर्ने र आएका समस्याहरूलाई प्रतिवेदन तयार गरी प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहमा पठाउने।<br>▪ कार्यशाला सञ्चालनका लागि वार्षिक बजेट विनियोजन गर्ने।<br>▪ विज्ञ प्राविधिकमार्फत प्रविधि प्रसार सेवा प्रदान गर्ने।<br>▪ अनुसन्धान योग्य समस्या तथा विषय पहिचान गर्ने।<br>▪ अनुसन्धान केन्द्रलाई पृष्ठपोषण गर्ने।<br>▪ प्रयोगमा रहेका तर प्रमाणित नगरिएका प्रविधिमा अनुसन्धान गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने।<br>▪ जिल्लास्तरमा अनुसन्धानबाट विकसित प्रविधिको प्रसार गर्ने तथा समन्वयात्मक क्रियाकलापहरू सञ्चालन गर्ने। |
| २ | | **प्रमुख** | क्लस्टरभित्र पर्ने फार्म केन्द्र | |
| ३ | | शाखा प्रमुख/प्राविधिक | सबै भौगोलिक क्षेत्र समेट्ने गरी क्लस्टर भित्र पर्ने स्थानीय तहका कृषि/पशु सेवा शाखा - १५ जना | |
| ६ | अनुसन्धान | **प्रमुख** | कार्यशाला आयोजना गर्ने कृषि अनुसन्धान /केन्द्र | ▪ प्रविधि विकास र प्रमाणीकरण गर्ने।<br>▪ कार्यशाला आयोजना गर्ने निर्देशनालय/केन्द्रले क्लस्टर स्तरीय कृषि प्राविधिक कार्यसमूहको सचिवालयको रुपमा कार्य गर्ने र आएका समस्याहरूलाई प्रतिवेदन तयार गरी प्रदेश स्तरीय कृषि |
| ७ | | **वैज्ञानिकहरू/प्राविधिकहरू** | अनुसन्धान /केन्द्र | |

सचिव

| | | | | |
|---|---|---|---|---|
| | | | | प्राविधिक कार्यसमूहमा पठाउने।<br>▪ कार्यशाला सञ्चालनका लागि वार्षिक बजेट विनियोजन गर्ने।<br>▪ अनुसन्धान गर्नुपर्ने विषयमा अनुसन्धान गर्ने। |
| ८ | शिक्षा | अनुसन्धान /प्रसार प्रमुख | क्लस्टर अन्तर्गतका जिल्लाको कृषि तथा पशुपालन विषय अध्ययन अध्यापन हुने प्राविधिक शिक्षालय | ▪ समयानुकुल पाठ्यक्रम परिमार्जन।<br>▪ अनुसन्धान तथा समस्यामा आधारित भएर अध्यापन। |
| ९ | जनप्रतिनिधि | मेयर/प्रमुख | कार्यशाला आयोजना हुने पालिका | ▪ मार्ग दर्शन गर्ने।<br>▪ सुझावहरू दिने। |
| १० | सेवा प्रदायक | प्रमुख/प्रतिनिधि | क्लष्टर आयोजक अवस्थित जिल्लाका मल आपुर्तिकर्ता तथा डिलर- १, बीउ व्यवसायी महासंघ वा बीउ उत्पादक वा बीउ व्यवसायी -१, बजार संचालक वा व्यवसायी (कृषि तथा पशु), एग्रोभेट्सका प्रतिनिधि | ▪ कृषि सामग्रीको आपूर्ति सम्बन्धी समस्या र सुझाव दिने।<br>▪ बजार सम्बन्धी समस्या पहिचान गर्ने र सुझावहरू दिने। |
| ११ | निजी क्षेत्र | प्रतिनिधि | जिल्लामा क्रियाशील विषयगत संघ वा संगठनका अध्यक्ष वा प्रतिनिधि, जिल्ला र नगर उद्योग वाणिज्य संघ | ▪ समस्या पहिचान गर्न सहयोग गर्ने।<br>▪ विकसित सफल प्रविधिको प्रसारमा सहयोग गर्ने।<br>▪ अनुसन्धान केन्द्रलाई पृष्ठपोषण गर्ने।<br>▪ प्रयोगमा रहेका तर प्रमाणित नगरिएका प्रविधिमा अनुसन्धान गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने। |
| १२ | कृषक | प्रतिनिधि | बाह्य अनुसन्धान केन्द्रमा संलग्न कृषक, उद्यमी, व्यवसायी | ▪ कृषि उत्पादन, प्रविधि उपयोग र बिस्तार गर्ने।<br>▪ समस्या पहिचान गर्ने र पृष्ठपोषण गर्ने। |
| १३ | गैह सरकारी संस्था | प्रमुख/प्रतिनिधि | अनुसन्धान तथा कृषि प्रसारमा संलग्न स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थाहरू | ▪ अनुसन्धानमा आधारित समस्या पहिचानमा सहयोग गर्ने<br>▪ सफल प्रविधिहरूको प्रचार प्रसार गर्ने |



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

| | | | | |
|---|---|---|---|---|
| | | | | ▪ पृष्ठपोषण गर्ने। |
| १५ | अन्य | विशेष आमन्त्रित | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश कृषि मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद् | ▪ मार्ग दर्शन गर्ने।<br>▪ हालसम्मका उपलब्धीहरूको बारेमा जानकारी गराउने |
| **जम्मा** | | | **बढीमा ४० जना** | |

सचिव

## अनुसूची -३

(दफा ७ को खण्ड (ख) सँग सम्बन्धित)

## प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको लागि जिम्मेवार निकाय तथा पदाधिकारी

| क्र. स | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | नीतिगत | सदस्य (कृषि हेर्ने) | प्रदेश योजना आयोग | ▪ नीतिगत मार्ग निर्देशन तथा पृष्ठपोषण दिने। |
| २ | प्रसार | प्रदेश सचिव, | प्रदेश कृषि मन्त्रालय | ▪ प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको सचिवालयको रुपमा कार्य गर्ने।<br>▪ क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहबाट आएका समस्याहरूको प्रतिवेदन पेश गर्न लगाउने।<br>▪ कृषि प्राविधिक कार्यसमूहमा उठेका सवाल र निर्णयहरू समेटी प्रतिवेदन तयार गर्ने।<br>▪ प्रदेश स्तरीय कृषि अनुसन्धान, प्रसार तथा शिक्षा निर्देशक समिति र राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहमा प्रतिवेदन पेश गर्ने।<br>▪ अनुसन्धान गर्नुपर्ने विषयमा अनुसन्धान गर्ने तथा आवश्यक स्रोत व्यवस्थापन गर्ने।<br>▪ विकसित प्रविधि प्रसारका लागि एकीकृत योजना निर्माण, कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कन गर्ने।<br>▪ सम्झौता (Memorandum of understanding) गरी फार्म तथा प्रयोगशालाहरूमा विश्वविद्यालयका विद्यार्थीहरूलाई अनुसन्धान गराउने। |
| ३ | | महाशाखा प्रमुखहरू | प्रदेश कृषि मन्त्रालय | |
| ४ | | प्रमुख | कृषि विकास निर्देशनालय | |
| ५ | | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | |
| ६ | | प्रमुखहरू | जिल्लास्थित कृषि/पशुपन्छी कार्यालय/केन्द्र | |
| ७ | | प्रमुख | प्रयोगशाला (बाली संरक्षण, बीउ, माटो) पशुपन्छी रोग अन्वेषण प्रयोगशाला,कृषि फार्म/केन्द्र, पशुपन्छी आनुवांशिक स्रोत केन्द्र र केन्द्रहरू, पशु प्रजनन कार्यालय | |
| ८ | | प्रमुख | प्रदेश तालिम केन्द्र | |
| ९ | | प्रमुख | जिल्लास्थित सिँचाइ कार्यालय | |
| | | प्रमुख | प्रदेशमा सञ्चालित संघीय/ प्रदेशिक आयोजना | |
| १० | नियमन | प्रमुख | प्रदेशस्थित संघीय क्वारेण्टिन कार्यालयहरू | |
| ११ | | प्रमुख | खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय | |
| १२ | अनुसन्धान | निर्देशक तथा प्रमुख | कृषि अनुसन्धान निर्देशनालय/केन्द्र | ▪ प्रविधि विकास र प्रमाणीकरण गर्न सिफरिस गर्ने। |



सचिव
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.स | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | ▪ क्लस्टर स्तरीय कृषि प्राविधिक कार्यसमूहको प्रतिवेदन पेश गर्ने।<br>▪ अनुसन्धान गर्नुपर्ने विषयमा अनुसन्धान गर्ने। |
| १३ | शिक्षा | निर्देशकहरू (प्रसार, अनुसन्धान, भेटेरीनरी) | कृषि विषय अध्यापन गराउने विश्वविद्यालय अन्तर्गतका कृषि शैक्षिक संस्था (AAI) | ▪ कृषि अनुसन्धान, प्रसार र शिक्षाबीचको सह-सम्बन्ध विकासका लागि क्रियाशील रहने।<br>▪ आफ्नो प्रभाव क्षेत्रभित्र कृषि प्रसारका कार्य गर्ने।<br>▪ कृषि प्राविधिक कार्यसमूहको निष्कर्ष अनुरूप पहिचान भएका समस्या तथा अनुसन्धानमा आधारित भई पाठ्यक्रम विकास गर्न सिफारिस गर्ने।<br>▪ स्थानीय निकाय तथा कृषि प्रसार तथा अनुसन्धानका निकायसँग MoU गरी कार्य गर्ने।<br>▪ शिक्षा, अनुसन्धान र प्रसारका लागि निजी क्षेत्र, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्र सरकारी संस्था, सहकारी लगायतका सरोकारवालाहरूसँग समन्वय /सहकार्य गर्ने। |
| १४ | | प्रमुख | CTEVT प्रदेश कार्यालय/कृषि भोकेसनल स्कुल | |
| १५ | सेवा प्रदायक | प्रमुख/प्रतिनिधि | प्रदेश स्तरीय<br>मल आपुर्तिकर्ता- १,<br>बीउ ब्यवसायी महासंघ -१, विषादी व्यवसायी महासंघ-१<br>प्रदेशस्थित संघीय बजार वा प्रादेशिक बजार -१ | ▪ कृषि सामाग्रीको आपूर्ति सम्बन्धी समस्या र सुझाव दिने।<br>▪ बजार सम्बन्धी समस्या पहिचान गर्ने र सुझावहरू दिने। |
| १६ | विकास साँझेदारी | प्रतिनिधि | अन्तर्राष्ट्रिय / राष्ट्रिय गैर सरकारी संस्थाहरू | ▪ सहभागितामूलक/करारमूलक अनुसन्धान तथा प्रसार गर्ने। |
| १७ | निजी क्षेत्र | प्रतिनिधि | विषयगत संघ वा संगठनका अध्यक्ष वा प्रतिनिधि<br>प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष वा प्रतिनिधि | ▪ समस्या पहिचान गर्न सहयोग गर्ने।<br>▪ विकसित सफल प्रविधिको प्रसारमा सहयोग गर्ने।<br>▪ अनुसन्धान केन्द्रलाई पृष्ठपोषण गर्ने।<br>▪ प्रयोगमा रहेका तर प्रमाणित नगरिएका |



सचिव

| क्र. स | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | - १<br>गैह्र सरकारी महासंघ वा गैह्र सहकारी संस्थाका प्रमुख वा प्रतिनिधि -१ | प्रविधिमा अनुसन्धान गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने। |
| १६ | कृषक | कृषक प्रतिनिधिहरू | प्रदेश तहका सहकारी/समूह/अगुवा कृषक/कृषक उद्यमी, कृषक सञ्जाल | ▪ समस्या तथा अनुसन्धान गर्नुपर्ने विषयको उठान गर्ने।<br>▪ कृषि उत्पादन, प्रविधि उपयोग र विस्तार गर्ने। |
| १७ | प्रतिनिधि | प्रतिनिधि | पालिका महासंघ | ▪ पालिकाको कृषि विकास सम्बन्धी अवधारणा, रणनीति तथा लक्ष्य प्रष्ट्याउने। |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -४

(दफा ८ को खण्ड (ख) सँग सम्बन्धित)

## राष्ट्रियस्तर कृषि प्राविधिक कार्यसमूहको लागि जिम्मेवार निकाय तथा पदाधिकारीहरू

| क. सं | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | नीतिगत | सचिव-२ | मन्त्रालय | ▪ नीतिगत सहयोग तथा मार्गदर्शन दिने।<br>▪ अन्तरनिकाय समन्वयको लागि आवश्यक नीतिगत, संरचनागत एवम् स्रोत साधनको व्यवस्थापन गर्ने।<br>▪ राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहबाट सिफारिस भई आएको कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालनको लागि योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यक्रम सञ्चालन गर्ने।<br>▪ अनुसन्धानका गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने।<br>▪ सिफारिस गरिएका प्रविधिको प्रसार गर्ने।<br>▪ सम्झौता गरी फार्म तथा प्रयोगशालाहरूमा विश्वविद्यालयका विद्यार्थीलाई अनुसन्धान गराउने। |
| २ | अनुसन्धान | कार्यकारी निर्देशक | नेपाल कृषि अनुसन्धान परिषद् | ▪ राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहको कार्यशालाको आयोजना गर्ने।<br>▪ क्लस्टर स्तरीय कृषि प्राविधिक कार्यसमूह, प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूह तथा राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहबाट आएका अनुसन्धानात्मक विषयवस्तुहरूमा अनुसन्धान केन्द्रित गर्ने।<br>▪ अनुसन्धानबाट आएका प्रविधिहरूलाई हस्तान्तरण गर्ने।<br>▪ विश्वविद्यालय तथा अन्य निकायसँग अनुसन्धान साझेदारी तथा सहकार्य गर्ने।<br>▪ विश्वविद्यालयसँग सम्झौता गरी विद्यार्थीहरूलाई अनुसन्धानमा संलग्न गराउने।<br>▪ निजी सरकारी र राष्ट्रिय/ अन्तर्राष्ट्रिय गैर सरकारी क्षेत्रबाट देश भित्र गरिएका अनुसन्धानहरुको नियमन गर्दै नियमनकारी तथा समन्वयकारी निकायको कार्य गर्ने । |
| ३ | नीतिगत | सम्बन्धित सह-सचिव | राष्ट्रिय योजना आयोग | ▪ नीतिगत मार्ग निर्देशन तथा पृष्ठपोषण दिने। |



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र. सं | क्षेत्र | पदाधिकारी | निकाय | जिम्मेवारी |
|---|---|---|---|---|
| ४ | नीतिगत तथा प्रसार | सहसचिव (योजना तथा विकास समन्वय) | मन्त्रालय | ▪ नीतिगत सहयोग तथा मार्गदर्शन दिने।<br>▪ अन्तरनिकाय समन्वयको लागि आवश्यक नीतिगत, संरचनागत एवम् स्रोत साधनको व्यवस्थापन गर्ने। |
| ५ | | महानिर्देशक | कृषि विभाग | ▪ राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहबाट सिफारिस भई आएका कार्यक्रम तथा क्रियाकलाप सञ्चालनको लागि योजना तर्जुमा, बजेट व्यवस्थापन तथा कार्यक्रम सञ्चालन गर्ने।<br>▪ अनुसन्धान गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने।<br>▪ सिफारिस गरिएका प्रविधिको प्रसार गर्ने।<br>▪ फार्म तथा प्रयोगशालाहरूमा विश्वविद्यालयका विद्यार्थीलाई अनुसन्धान गराउने। |
| ६ | | महानिर्देशक | पशु सेवा विभाग | |
| ७ | | महानिर्देशक | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | |
| ८ | | प्रदेश सचिव ७ | प्रदेश कृषि मन्त्रालय | |
| ९ | शिक्षा | डिन (कृषि र पशु विज्ञान अध्ययन संस्थान) | त्रिभुवन विश्वविद्यालय | ▪ समस्या/अनुसन्धानबाट विकास भएको प्रविधिमा आधारित पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने।<br>▪ समस्यामा आधारित रही अनुसन्धान गर्ने।<br>▪ आफ्नो प्रभाव क्षेत्रमा कृषि प्रसारका कार्य सञ्चालन गर्ने।<br>▪ कृषि सेवालाई आवश्यक दक्ष जनशक्ति विकास गर्ने ।<br>▪ अनुसन्धान, शिक्षा तथा प्रसारको सुदृढ समन्वयसँग सम्बन्धित अन्य कार्य गर्ने। |
| १० | | सदस्य सचिव | राष्ट्रिय किसान आयोग | |
| ११ | | अनुसन्धान तथा प्रसार निर्देशक | कृषि तथा वन विज्ञान विश्वविद्यालय | |
| | | निर्देशक, | पाठ्यक्रम विकास तथा समकक्षता निर्धारण महाशाखा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | |
| १२ | | प्रतिनिधि | अन्तर्राष्ट्रिय/राष्ट्रिय गैह्र सरकारी संस्था, महासंघ | ▪ कृषि प्रसार र अनुसन्धानका काममा पृष्ठपोषण गर्ने। |
| १३ | उद्यमी कृषक | प्रतिनिधि २ (कम्तीमा १ महिला) | कृषक प्रतिनिधि (पशु/कृषि) | ▪ कृषि उत्पादन, प्रविधि उपयोग र विस्तार गर्ने।<br>▪ कृषक स्तरमा रहेका समस्या एवम् कृषकहरूको आवश्यकताको सम्बन्धमा जानकारी गराउने। |

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची -५

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**क्लस्टरस्तरीय कृषि प्राविधिक कार्यसमूहमा पेश गर्नुपर्ने प्रतिवेदनको ढाँचा**

१.कार्यालयको नामः जिल्लाः

२. जिल्लामा कृषि/ तथा पशु क्षेत्रको समग्र वस्तुस्थिति

३. विगतको कृषि प्राविधिक कार्यसमूहबाट पहिचान/ सिफारिस भएका कृषि कार्यक्रमको विवरण

| क्र.सं. | कार्यक्रमको नाम | बजेट रु. हजारमा |
|---|---|---|
| | | |

४. स्थानीय कृषि विकास शाखाको छलफल तथा कार्य अनुभवका आधारमा देखिएका समस्याहरू

४.१ अनुसन्धानयोग्य समस्याहरू

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | प्राविधिक समस्या | समस्याको व्यापकता (घरधुरी, क्षेत्रफल....) | | समस्या समाधानको प्रयास | समस्याको प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|
| | | | घरधुरी | क्षेत्रफल | | |
| | | | | | | |

४.२ सिफारिस प्रविधिको प्रयोग (Adoption) बाट सिकिएका पाठहरूको पृष्ठपोषण

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | सिफारिस प्रविधि | सिफारिस प्रविधिमा पृष्ठपोषण | कैफियत |
|---|---|---|---|---|
| | | | | |

४.३ रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | अनुसरण गरेको प्रविधि | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत ) | | कृषकको प्रतिक्रिया |
|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | |
| | | | | | |

४.४ विदेशबाट प्रवेश भएका प्रविधिहरू

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र /उपक्षेत्र | विदेशबाट प्रवेश भएका प्रविधिहरू | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत ) | | सफल प्रविधिहरू | प्रविधिहरूबाट देखिएका सम्भावित जोखिम | जोखिम कम गर्ने उपाय तथा सुझावहरू |
|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | | | |
| | | | | | | | |

५. अनुसन्धान, शिक्षा तथा प्रसारबीचको सुदृढ समन्वयमा देखा परेका समस्याहरू

६. अनुसन्धान, शिक्षा तथा प्रसारबीचको समन्वय प्रभावकारी बनाउन सुझावहरू

७. अन्य सान्दर्भिक विषयहरू (खुलाउने)

## अनुसूची -६

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

### प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहमा पेश गर्ने प्रतिवेदनको ढाँचा

प्रतिवेदन अवधि (आ. व. ......)

१. कार्यालयको नामः..................... समेटिएका जिल्लारू...............................................

२. बिगतको कृषि प्राविधिक कार्यसमूहबाट पहिचान/ सिफारिस भएका समस्याहरूमा अनुसन्धान कार्यको प्रगति स्थिति

| क्र.सं. | प्राविधिक समस्याहरू | समस्याको प्राथमिकीकरण | अनुसन्धानको वर्तमान अवस्था |
|---|---|---|---|
| | | | |
| | | | |

३. जिल्लास्थित कार्यालयबाट प्राप्त भएका समस्याहरू

३.१ अनुसन्धान योग्य समस्याहरू

| जिल्ला | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | प्राविधिक समस्या | समस्याको व्यापकता (घरधुरी, क्षेत्रफल....) | | प्रविधि उपलब्ध भए/नभएको सम्बन्धमा अनुसन्धान केन्द्रको धारणा | समस्याको प्राथमिकीकरण |
|---|---|---|---|---|---|---|
| | | | घरधुरी | क्षेत्रफल | | |
| | | | | | | |
| | | | | | | |

३.२ सिफारिस प्रविधिको प्रयोग(Adoption)बाट सिकिएका पाठहरूको पृष्ठपोषण

| जिल्ला | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | सिफरिस प्रविधि | सिफारिस प्रविधिमा सम्बन्धित केन्द्रको कार्यक्रममा पृष्ठपोषण | सो पृष्ठपोषणमा अनुसन्धानको धारणा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

३.३ रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | अनुसरण गरेको प्रविधि | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत ) | | अनुसन्धानको धारणा |
|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | |
| | | | | | |
| | | | | | |

३.४ विदेशबाट प्रवेश भएका प्रविधिहरू

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | विदेशबाट प्रवेश भएका प्रविधिहरू | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत) | | सफल प्रविधिहरू | प्रविधिहरूबाट देखिएका सम्भावित जोखिम | जोखिम कम गर्ने उपाय तथा सुझावहरू |
|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | | | |
| | | | | | | | |
| | | | | | | | |

४. क्लस्टरस्तरीय कृषि प्राविधिकसमूहको कार्यशालाबाट समाधान हुन नसकेका समस्याहरू

५. समन्वय तथा सहकार्यका लागि भएका क्रियाकलापहरू

६. समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन आगामी आ.व. मा गर्न सकिने क्रियाकलापहरू

७. क्लस्टरस्तरीय कृषि प्राविधिक समूहको कार्यशालाको निर्णयहरू

८. अन्य सान्दर्भिक विषयहरू(खुलाउने)

## अनुसूची -७

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

### प्रदेश कृषि अनुसन्धानको जिम्मेवारी पाएको अनुसन्धान केन्द्रले प्रस्तुत गर्ने प्रतिवेदन

१. विभिन्न क्लष्टरमा देखिएका र समाधान हुन नसकेका समस्याहरू

| क्लष्टर | प्राथमिकता क्रमश | अनुसन्धान योग्य समस्याहरू | सिफारिस प्रविधिको प्रयोग (Adoption) बाट सिकिएका पाठहरूको पृष्ठपोषण | रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि | विदेशबाट प्रवेश भएका प्रविधिहरूको विवरण |
|---|---|---|---|---|---|
| | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |

२. यस अवधिमा विकास भएका प्रविधिको विवरण

| क्षेत्र | उपक्षेत्र | विकसित प्रविधि |
|---|---|---|
| | | |
| | | |

३. CATWG मा उठान भएका समस्याको कार्यान्वयन अवस्था

| क्र.सं. | विगत वर्षहरूमा NATWG कार्यशालामा पेश भएका समस्याहरू | समाधान भए/नभएको | कैफियत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

४. CATWG मा उठान भएका अनुसन्धान योग्य समस्याहरूको प्राथमिकीकरण

| क्र.सं. | CATWG कार्यशालामा पेश भएका समस्याहरू | समस्याको प्राथमिकीकरण | अनुसन्धानको जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| | | | |

५. CATWG मा उठान भएका समस्याहरूको आधारमा चाल्नुपर्ने कदमहरू

| समस्याको विवरण | उपलब्ध प्रविधि | चाल्नुपर्ने कदमहरू | जिम्मेवार निकाय |
|---|---|---|---|
| | | | |
| | | | |

६. गत आ.व.मा गरिएका प्रादेशिक कृषि प्राविधिक कार्यसमूहका निर्णयहरूको कार्यान्वयन अवस्था तथा अन्य समन्वयात्मक क्रियाकलापहरू

| क्र.सं. | अघिल्लो कार्यशालामा पेश भएका समस्या | समाधान भए/नभएको (समाधान नभएको भए कारण खुलाउने) | कैफियत |
|---|---|---|---|
| | | | |

७. सम्पन्न गरेका REE समन्वयात्मक क्रियाकलापहरू

८. कृषि अनुसन्धान, प्रसार र शिक्षा सुदृढीकरणको लागि उठान भएका विषयहरू

९. समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन आगामी आ.व.मा प्रस्ताव गरिने क्रियाकलापहरू

१०.प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहका निर्णयहरू

११. अन्य सान्दर्भिक विषयहरू (खुलाउने)

अनुसूची -८

(दफा १० को उपदफा (४) सँग सम्बन्धित)

**राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहमा पेश गर्ने प्रतिवेदनको ढाँचा**

......................स्तरीय कृषि प्रविधिक कार्यसमूहको प्रतिवेदन (आ.व. ......)

१. कार्यालयः प्रदेशः

२. विगतको कृषि प्राविधिक कार्यसमूहबाट पहिचान/ सिफारिस भएका समस्याहरूमा अनुसन्धान, प्रसार कार्यको प्रगति स्थिति

२.१ अनुसन्धानको प्रगति अवस्था

| क.सं. | प्राविधिक समस्याहरू | समस्याको व्यापकता (घरधुरी, क्षेत्रफल....) | | समस्याको प्राथमिकीकरण | अनुसन्धानको वर्तमान अवस्था |
|---|---|---|---|---|---|
| | | घरधुरी | क्षेत्रफल | | |
| | | | | | |
| | | | | | |

२.२ प्रसारको प्रगति अवस्था

| क.सं. | सिफारिस प्रविधि | कृषि प्रसार कार्यक्रमको नाम | बजेट रु हजारमा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

३. क्लस्टरस्तरीय कार्यसमूहबाट प्राप्त भएका समस्याहरूको प्रगति विवरण

३.१ अनुसन्धान योग्य समस्याहरू

| जिल्ला | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | प्राविधिक समस्या | समस्याको प्राथमिकीकरण |
|---|---|---|---|
| | | | |
| | | | |

३.२ सिफारिस प्रविधिको प्रयोग (Adoption)बाट सिकिएका पाठहरूको पृष्ठपोषण

| जिल्ला | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | सिफारिस प्रविधि | सिफारिस प्रविधिमा प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूह |
|---|---|---|---|
| | | | |
| | | | |

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

३.३ रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | अनुसरण गरेको प्रविधि | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत) | | प्रदेशस्तरीय कृषि प्राविधिक कार्यसमूहको धारणा |
|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | |
| | | | | | |

३.४ बिदेशबाट प्रवेश भएका प्रविधिहरू

| क्र.सं. | बाली/ वस्तु/क्षेत्र/उपक्षेत्र | विदेशबाट प्रवेश भएका प्रविधिहरू | अनुसरणको व्यापकता (अनुसरण गरेको क्षेत्रफल तथा प्रतिशत) | | सफल प्रविधिहरू | प्रविधिहरूबाट देखिएका सम्भावित जोखिम | जोखिम कम गर्ने उपाय तथा सुझावहरू |
|---|---|---|---|---|---|---|---|
| | | | क्षेत्रफल | प्रतिशत | | | |
| | | | | | | | |
| | | | | | | | |

४. NATWG मा उठान भएका समस्याको कार्यान्वयन अवस्था

| क्र.सं. | विगत वर्षहरूमा कार्यशालामा पेश भएका समस्याहरू | समाधान भए /नभएको | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. सम्पन्न गरेका REE समन्वयात्मक क्रियाकलापहरू

६. शैक्षिक संस्थाहरूसँग कृषि अनुसन्धान, प्रसार र शिक्षा सुदृढीकरणको लागि उठान भएका विषयहरू

७. समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन आगामी आ.व.मा प्रस्ताव गरिने क्रियाकलापहरू

८. प्रदेश स्तरीय कृषि प्राविधिक कार्यसमूहका निर्णयहरू

९. कार्य योजना

१०. अन्य सान्दर्भिक विषयहरू(खुलाउने)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

## अनुसूची -९

(दफा १० को उपदफा (७) सँग सम्बन्धित)

**कृषि तथा पशुपन्छी र खाद्य विषय अध्यापन गराउने विश्वविद्यालयले तयार गर्नुपर्ने प्रतिवेदनको ढाँचा**

| क्र.सं. | विवरण | |
|---|---|---|
| (१) | नाम र स्थान | |
| (२) | अध्यापन गर्ने विषयहरू | |
| (३) | विद्यार्थी संख्या | |
| (४) | शिक्षाको लागि बजेट | |
| (५) | अनुसन्धानका लागि बजेट | |
| (६) | प्रसारका लागि बजेट | |
| (७) | अनुसन्धान गरिएका प्रमुख क्षेत्रहरू<br>• बाली<br>• बागबानी (तरकारी, फलफूल, पुष्प, अन्य)<br>• रोग किरा<br>• कृषि प्रसार<br>• कृषि अर्थशास्त्र<br>• पशुपन्छी<br>• मत्स्य<br>• कृषि यान्त्रीकरण<br>• अन्य भए खुलाउने | |
| (८) | प्रसारका कृयाकलाप एवम् संलग्न गरिएका पालिकाहरू | |
| (९) | शिक्षामा देखिएका प्रमुख समस्याहरू | |
| (१०) | प्राथमिकताका आधारमा प्रसारमा देखिएका प्रमुख समस्याहरू | |
| (११) | प्राथमिकताका आधारमा अनुसन्धानमा देखिएका समस्याहरू | |
| (१२) | कृषि अनुसन्धान, प्रसार र शिक्षामा सरकारी (राष्ट्रिय) स्तरबाट प्राप्त सहयोगका किसिम / पूर्ण विवरण | |
| (१३) | कृषि अनुसन्धान, प्रसार र शिक्षामा प्रादेशिकस्तरबाट प्राप्त सहयोगका किसिम / पूर्ण विवरण | |
| (१४) | कृषि अनुसन्धान प्रसार र शिक्षामा पालिकास्तरबाट प्राप्त सहयोगका किसिम/पूर्ण विवरण | |
| (१५) | नयाँ अध्यापन गराउनु पर्ने विषयहरु | |
| (१६) | प्रसारका लागि सिफारिस गर्न सकिने प्रविधि | |
| (१७) | प्राथमिकतामा सिफारिस गर्न सकिने अनुसन्धान | |



सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| (१८) | कृषि अनुसन्धान, प्रसार र शिक्षामा निजी क्षेत्र/NGO/INGO, सहकारी, दातृ निकाय आदिबाट भएका सहयोगको विवरण | |
| (१९) | विश्वविद्यालयबाट उत्पादन भएका प्राविधिकहरु/ALUMNIहरुको प्रगति विवरण | |
| (२०) | विश्वविद्यालय, अनुसन्धान केन्द्र, संघ/प्रदेश अन्तर्गतका मन्त्रालय/ विभाग/ कार्यालय, NGO/INGO, निजी क्षेत्र आदिसँग समन्वय गरी सञ्चालन गर्न सकिने शिक्षण, अनुसन्धान र प्रसारका क्षेत्रहरु | |
| (२१) | नीतिगत पृष्ठपोषण | |

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची -१०

(दफा १० को उपदफा (८) सँग सम्बन्धित)

**नेपाल कृषि अनुसन्धान परिषद्ले तयार गर्ने अन्तिम प्रतिवेदन ढाँचा**

राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहको प्रतिवेदन (आ.व. ......)

१. प्रदेशमा देखिएका र समाधान हुन नसकेका समस्या

| प्रदेश | प्राथमिकता क्रम | अनुसन्धान योग्य समस्याहरू | सिफारिस प्रविधिको प्रयोग (Adoption) बाट सिकिएका पाठहरूको पृष्ठपोषण | रैथाने प्रविधि लगायत सिफारिस नभएका तर ग्रहण भएका तथा बहु–समुदायले अनुशरण गरेका सफल प्रविधि | विदेशबाट प्रवेश भएका प्रविधिहरूको अध्ययन तथा विश्लेषण |
|---|---|---|---|---|---|
| कोशी प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| मधेश प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| बागमती प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| गण्डकी प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| लुम्बिनी प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | | | | | |
|---|---|---|---|---|---|
| कर्णाली प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |
| सुदूरपश्चिम प्रदेश | १ | | | | |
| | २ | | | | |
| | ३ | | | | |
| | ४ | | | | |
| | ५ | | | | |

२. NATWG मा उठान भएका समस्याको कार्यान्वयन अवस्था

| क्र.सं. | विगत वर्षहरूमा कार्यशालामा पेश भएका समस्याहरू | समाधान भए /नभएको | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

३. NATWG मा उठान भएका अनुसन्धान योग्य समस्याको प्राथमिकीकरण

| क्र.सं. | कार्यशालामा पेश भएका समस्याहरू | समस्याको प्राथमिकीकरण | अनुसन्धानको जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| | | | |

४. NATWG मा उठान भएका समस्याको आधारमा चाल्नुपर्ने कदमहरू

| समस्याको विवरण | उपलब्ध प्रविधि | चाल्नुपर्ने कदमहरू | जिम्मेवार निकाय |
|---|---|---|---|
| | | | |
| | | | |

५. गत आ.व.मा गरिएका राष्ट्रिय कृषि प्राविधिक कार्यसमूहका निर्णयको कार्यान्वयन अवस्था तथा अन्य समन्वयात्मक क्रियाकलापहरू

| क्र.सं. | अघिल्लो कार्यशालामा पेश भएका समस्या | समाधान भए/नभएको, समाधान नभएको भए कारण खुलाउने | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

६. सम्पन्न गरेका REE समन्वयात्मक क्रियाकलाप

७. कृषि अनुसन्धान, प्रसार र शिक्षा सुदृढीकरणको लागि उठान भएका विषय

८. समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउन आगामी आ.व.मा प्रस्ताव गरिने क्रियाकलाप

९. राष्ट्रिय स्तरीय कृषि प्राविधिक कार्यसमूहका निर्णय

१०. अन्य सान्दर्भिक विषय (खुलाउने)